मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क १६७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार १५ गते आइतबार ❑ 29 June 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## मुलुकले जबजका सिद्धान्त पालना गरिरहेको छः महासचिव पोखरेल

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असार

नेपाल कम्युनिष्ट पार्टी (एमाले) महासचिव शङ्कर पोखरेलले मुलुक जनताको बहुदलीय जनवाद (जबज) सिद्धान्तका आधारमा अघि बढेको बताउनुभएको छ।

जननेता मदन भण्डारीको ७४औँ जन्मजयन्तीका अवसरमा नेकपा (एमाले) पोखरा महानगर कमिटीले शनिबार यहाँ आयोजना गरेको कार्यक्रममा उहाँले लोकतन्त्र र राज्य पुनर्संरचनाको जग जबज भएको बताउनुभयो।

मदन भण्डारीले २०४७ सालको संविधानमा राखेको २७ बुँदे असहमति नै मुलुकको परिवर्तनको आधार भएको



उहाँले बताउनुभयो । जबजले समाज विकासका विभिन्न चरणमा शोषित, उत्पीडित वर्ग र समुदायका साथै सम्पूर्ण मानव जातिको मुक्तिलाई अङ्गीकार गरेको उहाँले बताउनुभयो । एमालेलाई चारैतिरबाट आक्रमण भइरहेको वर्तमान अवस्थामा पार्टीका कार्यकर्ता सङ्गठित भएर अघि बढ्न आग्रह गर्नुभयो । नेकपा (एमाले)का नेता सोमनाथ अधिकारी प्यासीले समृद्ध नेपाल, सुखी नेपालीको अभियान सफल बनाउन सबैको दायित्व भएको बताउँदै त्यसका लागि पार्टी जिम्मेवार र जवाफदेही भएर अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो । एमाले केन्द्रीय सदस्य एवं पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङले पार्टीलाई एकताबद्ध बनाएर अघि बढ्नुको विकल्प नभएको बताउनुभयो । एमाले पोखरा नगर कमिटी अध्यक्ष जीवन आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा पार्टीको प्रदेश सचिव धनञ्जय दवाडी, एमाले जिल्ला अध्यक्ष बैनबहादुर अधिकारी क्षेत्री, सुशील बस्नेतलगायतले पार्टी कार्यकर्ता र जनप्रतिनिधिको भूमिकाबारे प्रकाश पार्नुभएको थियो । त्यस अवसरमा महानगर कमिटीद्वारा प्रकाशित मुखपत्र 'अभियान'को दोस्रो अङ्कको लोकार्पण गरिएको थियो ।

## १८ जना सामुदायिक विद्यालयका विद्यार्थी सहित ६४ जनाले फोर जिपिए प्राप्त गरे

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असार

यस बर्षको एसईई परिक्षा (२०८२) बाट कास्कीका ८ वटा सामुदायिक विद्यालयका १८ जना विद्यार्थीले फोर जिपिए ग्रेड प्राप्त गर्नु भएको छ। त्यसै गरी कास्कीका २१ वटा नीजि बिद्यालयका ४६ जनाले फो जिपिए ग्रेड प्राप्त गरेका हुन्।

कास्कीमा यस बर्षको एसईईबाट ६४ जनाले फो जिपिए ग्रेड प्राप्त गर्नु भएको हो। सामुदायिक तर्फ पोखराको अम्मरसिंह नमुना माविबाट सबै भन्दा धेरै ५ जना र नीजि तर्फ भने पोखराको मदरल्याण्ड माविका ११ जनाले फो जिपिए ग्रेड प्राप्त गर्नु भएको विद्यालयले जनाएको छ । त्यसै गरी पोखराको सामुदायिक विद्यालय जनप्रिय माविबाट ४ जना, पोखराको भन्द्रकालि माविबाट ४ जना, कास्की निर्मलपोखरीको जनचेतना माविबाट १ जना, विन्ध्यवासिनी माविबाट १ जना, छोरेपाटन माविबाट १ जना, लेखनाथको गोगन माविबाट १, र बाल मन्दिरबाट १ जनाले फो जिपिए ग्रेड प्राप्त गरेको विद्यालयले जनाएको छ।

त्यसै गरी नीजि विद्यालय तर्फ शिशु निकेतन बोर्डिङ स्कुलबाट ४ जना, फिस्टेल एकेडेमीबाट ४ जना, गण्डकी बोर्डिङबाट २ जना, डायमण्ड सेकेण्डरी स्कुलबाट २ जना, कास्की मोर्डनाइज एकेडेमीबाट २, भाष्कर मेमोरियल स्कुलबाट २, बिद्या निकेतन माविबाट २ जना, हिमालय बोर्डिङबाट २, शान्ति निकेतन बोर्डिङबाट २, ज्योति कुन्ज सेकेण्डरी स्कुलबाट १ जना, प्रतिभा माविबाट १, कुमुदिनी होम्स माविबाट १, टप्स माविबाट १ जना, सृजना माविबाट १, रेन्वो एकेडेमीबाट १, स्नो भ्यू स्कुल १, गरमाथा निकेतन माविबाट १, गुड्र्स एजुकेशन फाउण्डेसनबाट २ जना र लाविन रेसिडेन्सियलबाट १ जनाले फोजिपिए ल्याउन सफल भएका हुन् । पोखराको मदरल्याण्ड स्कुलका ११ जना बिद्यार्थीहरुले यस बर्षको एसईई परिक्षामा फोजिपिए ल्याएको बिद्यालयका प्राचार्य नारायण बरालले बताउनु भयो। गत बर्ष बिद्यालयबाट १० जनाले फो जिपिए ग्रेड प्राप्त गर्नु भएको थियो।

## सङ्घीयताको सवलीकरणमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, १४ असार

मुलुकले अपनाएको सङ्घीय शासन प्रणालीको विकल्प खोज्न नहुने भन्दै यसको थप सबलीकरण गर्नुपर्नेमा वक्ताहरुले जोड दिएका छन्।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयसँगको सहकार्यमा संसदीय पत्रकार मञ्च गण्डकीद्वारा शनिबार पोखरामा आयोजित 'सङ्घीयता सम्वादः साझा भविष्यको खोजी' विषयक अन्तरक्रियामा उनीहरुले सङ्घीय व्यवस्थामाथि सिर्जना गर्न खोजिएको नकारात्मक भाष्यलाई सरोकार भएका सबै पक्ष मिलेर चिनुपर्ने बताए।

'सङ्घीय व्यवस्था र प्रदेशको स्थानः प्रदेश कहाँ छ ? प्रदेशको आगामी बाटो ?' शीर्षकमा प्रस्तुतीकरण गर्दै उपप्राध्यापक गिरिधारी सुवेदीले सङ्घीयताले विभाजन नभई अपनत्व बढाउने बताउनुभयो । कतिपयले यस प्रणालीले देशलाई आर्थिक बोझ थपेको बताउने गरेपनि सङ्घीयताले देशलाई ऋण नभई आर्थिक अवसर सिर्जना गर्ने उहाँको भनाइ छ।

"सङ्घीयतालाई लिएर समाज विभाजित छ, यसलाई हेर्ने सकारात्मक धार र नकारात्मक धार छन्", उपप्राध्यापक सुवेदीले भन्नुभयो, "ऐन, नीतिको अभावमा पनि सङ्घीयता कार्यान्वयनमा अवरोधहरु देखिएका छन्, अधिकारको बाँडफाँटमा रहेका दोहोरोपना र हस्तक्षेपकारी प्रावधानलाई हटाउनुपर्छ।" न्यून सेवा प्रवाह, बढी प्रशासनिक खर्च, सरकारको अस्थिरता, समन्वयको अभाव, राजश्वको कमी आदि कारणले प्रदेश संरचनाप्रति प्रश्न उठ्ने गरेको उहाँको भनाइ छ । सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा सङ्घ, प्रदेश र स्थानीय सरकार सञ्चालन हुन सकेमा मात्र सङ्घीय व्यवस्था मजबुत हुने उहाँले बताउनुभयो । राज्यशक्तिको बाँडफाँट, अधिकार तथा पहिचान, शासनसत्तामा पहुँच र सामाजिक रुपान्तरणका लागि सङ्घीयता उन्नत शासन प्रणाली रहेको उपप्राध्यापक सुवेदीले बताउनुभयो।

पोखरा रिसर्च सेन्टरका कार्यकारी निर्देशक सुजन रेग्मीले प्रदेश तहमा बनेका कैयौँ नीति, कानुन र संरचनाहरु क्रियाशील हुन नसकेको बताउनुभयो । 'गण्डकी प्रदेश सरकारको बजेटका समस्या, चुनौती र सुधारका उपायहरु' विषयमा प्रस्तुतीकरण गर्दै उहाँले प्रदेश सरकारको बजेट र खर्च गर्ने क्षमता बर्सेनि घट्दो क्रममा देखिएको बताउनुभयो । चौथौँ त्रैमासिकमा आएर योजना कार्यान्वयन गर्ने र भुक्तानीको चाप हुने पुरानो प्रवृत्तिमा अझै कमी नआएको उहाँको भनाइ छ । "बजेट कार्यान्वयनमा देखिएका समस्याको जवाफदेहिता कसैले लिएको देखिँदैन, यसको अनगुमन पनि हुने गरेको छैन", उहाँले भन्नुभयो, "३०/३२ अर्बको बजेट ल्याउने प्रदेश सरकारको वार्षिक खर्च गर्ने क्षमता भने जम्मा २२/२३ अर्ब मात्र देखिन्छ।" गण्डकी प्रदेशसभाका सदस्य डिल्लीराम सुवेदीले अहिले पनि मुल राजनीतिक नेतृत्वमा रहेको केन्द्रिकृत मानसिकताले सङ्घीयता कार्यान्वयमा चुनौती थपेको धारणा राख्नुभयो । अधिकार बाँडफाँटका क्रममा सुरुमै प्रदेशलाई सङ्कुचित पारिएको उहाँको भनाइ छ । प्रदेशसभा सदस्य सुवेदीले सबैखाले विभेदको अन्त्य र विविधताको व्यवस्थापनका लागि सङ्घीयता ल्याइएको बताउनुभयो । बनेका संरचनाले ठिक ढङ्गले काम नगरेका कारण प्रदेशप्रति नागरिकको गुनासो देखिएको उहाँले बताउनुभयो । "वित्तिय र प्रशासनिक सङ्घीयता भयो भने मात्र सङ्घीय व्यवस्थालाई दिगो रुपमा स्थापित गर्न सकिन्छ, यसतर्फ सङ्घ सरकारपनि अनुदार देखिन्छ", उहाँले भन्नुभयो, "सङ्घीय कानुन नबनेका कारण प्रदेश सरकारले कानुन बनाएका छैनन्, बनेका प्रदेश कानुन पनि कार्यान्वयनमा समस्या भइरहेको छ।" उहाँले प्रदेश सरकारले बजेट र योजना तर्जुमा गर्दा निश्चित विधि र पद्धतिलाई अबलम्वन गर्नुपर्ने उल्लेख गर्नुभयो। बजेट निर्माणमा अहिलेकै जस्तै वेथिति कायम रहने भो भने प्रदेश सरकारप्रति झन् वितृष्णा बढ्ने उहाँले बताउनुभयो।

नेकपा (एमाले) गण्डकी प्रदेशसभा संसदीय दलका प्रमुख सचेतक गोविन्दबहादुर नेपालीले सङ्घीयता साध्य नभई साधन भएको बताउनुभयो । सङ्घीयतासहित नयाँ राजनीतिक परिवर्तनबारे समाजलाई गहिरो गरी बुझाउनुपर्ने उहाँको भनाइ छ । नेकपा (माओवादी केन्द्र) गण्डकी प्रदेशसभा संसदीय दलका प्रमुख सचेतक कुसुम बुढामगरले लामो सङ्घर्ष र बलिदानीबाट सङ्घीय शासन व्यवस्था आएको भन्दै यसको जगेर्नाका लागि सबै जिम्मेवार पूर्वक लाग्नुपर्ने बताउनुभयो।

गण्डकी प्रदेशसभा संसदीय दलका सचेतक प्रकाश बरालले आफूहरु पनि आत्मसमिक्षा गर्ने ठाउँमा आइपुगेको भन्दै सङ्घीयतालाई थप मजबुत बनाउनुपर्नेमा जोड दिनुभयो । राष्ट्रिय प्रजातन्त्र पार्टी गण्डकी प्रदेशसभा संसदीय दलका प्रमुख सचेतक बिन्दु पौडेलले आफ्नो पार्टीले सङ्घीयता खारेजीको मुद्दा उठाउँदै आएपनि अहिलेको संविधानलाई मान्नुको विकल्प नरहेको बताउनुभयो।

प्रदेशसभा सदस्य दमयन्ती रुचालले सङ्घीयतामाथि थप बहस हुनु जरुरी रहेको बताउनुभयो। प्रदेशसभा सदस्य दिलमाया पौडेलले जनअपेक्षा बमोजिम प्रतिफल दिन नसक्दा सङ्घीयमाथि टिकाटिप्पणी भइरहेको उल्लेख गर्नुभयो । कार्यक्रममा नागरिक अभियानकर्मी बिना सिलवाल, अधिवक्ता कृष्णप्रसाद तिमिल्सिना, प्राध्यापक भिमनाल बराल, नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेललगायतले धारणा राखेका संसदीय पत्रकार मञ्च गण्डकीका अध्यक्ष भरत कोइरालाले जानकारी दिनुभयो।


## भारत र चीनले गरेको विकासबाट लाभ लिनुपर्ने

**रासस**
काठमाडौं, १४ असार

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले भारत र चीनसँगको सुमधुर सम्बन्धलाई अझ सुदृढ बनाउनुपर्नेमा जोड दिनुभएको छ । साथै उहाँले दुवै देशले गरेको विकासबाट अधिकभन्दा अधिक मुलुकले लाभ उठाउनुपर्ने बताउनुभएको छ।

जननेता मदन भण्डारीको ७४औँ जन्मजयन्तीका अवसरमा मदन भण्डारी फाउन्डेसनले शनिबार आयोजना गरेको कार्यक्रममा उहाँले सामाजिक न्याय र समानतामा आधारित समाजवाद निर्माण गरेर जनतालाई सुखी र राष्ट्रलाई समृद्ध बनाउनुपर्ने दायित्व अझै पूरा भएको छैन भन्नुभयो। पूर्वराष्ट्रपति भण्डारीले लामो राजनीतिक सङ्क्रमणपछि मुलुकलाई आर्थिक समृद्धिको मार्गमा अगाडि बढाउन प्राप्त सफलताको आधार जनताको बहुदलीय जनवाद (जबज) को मार्गदर्शन भएको बताउनुभयो । मुलुकको सामाजिक-आर्थिक रूपान्तरणका लागि जबज आज पनि उत्तिकै सान्दर्भिक भएको उहाँको कथन थियो। नेकपा (एमाले) का वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरलेले 'समृद्ध नेपाल, सुखी नेपाली' जनताको बहुदलीय जनवादले परिकल्पना गरेको नेपाली 'मोडल'को समाजवाद भएको बताउनुभयो। उहाँले पार्टी जीवनको लोकतान्त्रिकीकरण जबजको एउटा अभिन्न अङ्ग हो भन्नुभयो।

त्यस अवसरमा यो वर्षको 'मदन भण्डारी राष्ट्रिय पुरस्कार' पर्यटन व्यवसायी आङछिरिङ शेर्पालाई प्रदान गरिएको थियो । एक लाख राशिको सो पुरस्कार प्रधानमन्त्री केपी शर्मा ओलीले प्रदान गर्नुभएको हो।




## एसइईको नतिजामा सुधार विद्यार्थी र शिक्षकको मेहनतले आएको हो: प्रधानमन्त्री ओली

**रासस**
काठमाडौं, १४ असार

प्रधानमन्त्री केपी शर्मा ओलीले माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजामा आएको सुधार विद्यार्थी र शिक्षकको मेहनतका कारणले सम्भव भएको बताउनुभएको छ । प्रतिनिधिसभाको आजको बैठकमा सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले आगामी वर्ष अहिलेको तुलनामा अझ राम्रो नतिजा ल्याउनका लागि प्रयास गरिने समेत उल्लेख गर्नुभयो।

एसइईको नतिजामा सुधार ल्याउन मेहनत गर्ने विद्यार्थी र शिक्षकलाई शुभकामना व्यक्त गर्दै उहाँले भन्नुभयो, "धेरै वर्षपछि एसइईको नतिजामा सुधार देखिनु खुसीको अवसर हो, ४८ प्रतिशतभन्दा कमको अवस्थाबाट ६१ दशमलव ८१ प्रतिशत सफल हुनु राम्रो हो।"

बाँकी अन्तिम पृष्ठमा ▶▶

# मदन भण्डारी स्पोर्टस एकेडेमीद्धारा मानव सेवा आश्रममा खाद्यान्न सामाग्री वितरण

पोखरापत्र संवाददाता
पोखरा, १४ असार

मदन भण्डारी स्पोर्टस एकेडेमी गण्डकी प्रदेशले जननेता मदन भण्डारीको ७४ औं जन्मजयन्तीको अवसर पारी मानव सेवा आश्रममा खाद्यान्न सामाग्री वितरण गरेको छ । एकेडेमीले मानव सेवा आश्रम छोरेपाटनमा आश्रितहरुलाई सहयोग स्वरुप चामल, दाल, नुन, तेल, आलु लगायतका खाद्यान्न सामाग्री प्रदान गरेको हो ।



सो अवसरमा वोल्दै पोखरा महानगरपालिका एमाले दलका नेता तथा पोखरा महानगरपालिका वडा नं १७ का अध्यक्ष राधिका शाही योगीले जनताको बहुदलिय जनवादको प्रतिपादक मदन भण्डारीको जन्मजयन्तीको अवसरमा मदन भण्डारी स्पोर्टस एकेडेमीले मानव सेवा आश्रममा आश्रितहरुलाई खाद्यान्न सामाग्री सहयोग गरेकोमा धन्यवाद ब्यक्त गरे । एकेडेमीले खेलकुदको गतिविधी संगै सामाजिक कामलाई समेत अगाडी बढाएकोमा एकेडेमी प्रति आभार प्रकट गर्दै जननेता मदन भण्डारीले देखाएको बाटोमा अगाडी बढ्नुनै अहिलेको आवश्यक्ता रहेको योगीको भनाइ रहेको थियो । मदन भण्डारीलाई जनताले मानेको एक नेता भएकाले भण्डारीको बिचारलाई अंगीकार गरि मदन भण्डारी स्पोर्टस एकेडेमीले दिन दुखीको सेवामा लागि परेको र दिन दुखीको सेवामा आफुपनि लागि पर्ने समेत बताइन । मानव रहित सडक निर्माणका लागि मानव सेवा लागि परेको र त्यसका लागि सम्पूर्ण संघ संस्था ब्याक्तिहरुले सहयोग गर्नुपर्नेमा उनको भनाइ थियो । सो अवसरमा वोल्दै मानव सेवा आश्रम पोखराका प्रमुख सदिश पुनले मदन भण्डारी स्पोर्टस एकेडेमीले जननेता मदन भण्डारीको ७४ औं जन्मजयन्तीको अवसर पारी मानव सेवा आश्रम छोरेपाटनमा आश्रिम आमाहरु र वालवालिकाका लागि खाद्यान्न सहयोग गरेकोमा धन्यवाद ब्यक्त गरे । मदन भण्डारी कम्युनिष्ट आन्दोलनको धरोहर र उहांको मार्गनिर्देशनमा अगाडी वढ्दै दिन दुखीको सहयोगमा समेत स्पोर्टस एकेडेमी लागि परेकोमा एकेडेमी प्रति पुनले आभार प्रकट गरे । पुनका अनुसार मानव सेवा आश्रम छोरेपाटन शाखामा एक सय जना आमा तथा बालवालिका र हेम्जा शाखामा १ सय ७० जना आश्रित रहेको र उनीहरुको लागि स्वदेश र विदेशमा रहेको नेपाली दाजुभाई दिदीबहिनीहरुको सहयोगमा खाने र बस्ने र उपचारको ब्यवस्था मिलाइएको समेत बताए ।

सो अवसरमा वोल्दै मदन भण्डारी स्पोर्टस एकेडेमी गण्डकी प्रदेशका अध्यक्ष गिरमान गुरुङले मनद भण्डारी स्पोर्टस एकेडेमीले खेलकुदका गतिविधी संगै सामाजिक सेवामा समेत अगाडी वढिरहेको बताए । आगामी दिनमा पनि यस्ता सामाजिक कामलाई निरन्तरता दिने उनको भनाइ रहेको थियो । एकेडेमीका उपाध्यक्ष सुजन आचार्यले स्वागत मन्तब्य राखेको कार्यक्रमको सञ्चालन एकेडेमीका कोषाध्यक्ष सूर्य मोहन आचार्यले गरेका थिए ।

# भद्रकाली माविबाट चार जनाले ४ जीपीए ल्याए

पोखरापत्र संवाददाता
पोखरा, १४ असार

पोखरा महानगरपालिका वडा नं १३ कुँडहर स्थित भद्रकाली माध्यमिक विद्यालयले एसईई २०८१ को परीक्षामा ४ जना विद्यार्थीले पूर्ण ४.० जीपीए ल्याउन सफल भएको विद्यालय परिवारले जनाएको छ ।






४.० जीपीए ल्याउने विद्यार्थीहरुमा क्रमश सृष्टि अधिकारी, प्रेरणा परियार, सिजन ढेवाजू र प्रिया राना मगर रेहेको विद्यालयका प्रधानाध्यापक यदुराज पगेनीले पोखरापत्रलाई वताए । एक सय जना परिक्षामा सहभागी भएका मध्ये ८६ जनाले विभिन्न जीपीए ल्याएर उर्तिणा भएका पगेनीले जानकारी दिए ।

यसपटक विद्यालयको नतिजामा धेरै भन्दा धेरै सुधार ल्याउन सफल भएको र यस नतिजाले विद्यालय परिवारमा खुशीयाली छाएको प्रधानाध्यापक पगेनीले वताए । सामुदायिक विद्यालयवाट ४.० जीपीए ल्याउनु ऐतिहासिक उपलव्धि भएकोले यो सफलताको लागि विद्यार्थी, शिक्षक, अभिभावक, वर्तमान व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, पूर्व व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यालयका शुभचिन्तक र स्थानीयवासीहरुको मेहनत र साथप्रति पनि धैरै धैरै धन्यवाद दिए प्रधानाध्यापक पगेनीले । विद्यालयका सहायक प्रधानाध्यापक प्रदिप भण्डारीका अनुसार परीक्षामा सहभागी विद्यार्थीले सन्तोषजनक नतिजा प्राप्त गरेका छन् ।

# स्याङ्जामा चार विद्यार्थीको फो जिपिए

पोखरापत्र संवाददाता
पोखरा, १४ असार

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले संचालन गरेको माध्यमिक (कक्षा १०) शिक्षा परीक्षा (एसइई) मा स्याङ्जाका चार जना विद्यार्थीले चार (फो) जिपिए ल्याएका छन् ।

सामुदायिक तर्फ एक र निजी विद्यालयका तीन जना विद्यार्थीले चार जिपिए ल्याएका हुन् । जिल्लाको सामुदायिक विद्यालय तर्फ कालिगण्डकीको भगवती माविका प्रतिक भट्टराई, निजी तर्फ वालिङको नेपाल आदर्श आवासिय माविका अप्सन सुबेदी, पायनियर आवासिय माविका प्राप्ति काफ्ले र अर्जुनचौपारीको चिल्डेन एकेडेमीका किन्जल देबकोटाले चार जिपिए ल्याएका हुन् । चार जिपिए ल्याउने चार जनामा दुई छात्रा र दुई जना छात्र रहेका छन् । स्याङ्जाबाट २०८१ को एसइईमा परीक्षामा तीन हजार ७ सय ३३ जना विद्यार्थी सहभागि थिए । ३.६ जीपीएदेखि ४ जिपिएसम्म ३ सय २४ जना, ३.२ जिपिएदेखि ३.६ जिपिएसम्म ७२६, २.८ जिपिएदेखि ३.२ जिपिएसम्म ९५०, २.४ जिपिएदेखि २.८ जिपिएसम्म ४८२ जना गरी २ हजार ५ सय १६ जना उत्तीर्ण भएका हुन् । परीक्षामा सहभागि भएका मध्ये ६७.४० प्रतिशत विद्यार्थी उत्तीर्ण भएको जिल्ला शिक्षा तथा समन्वय इकाई कार्यालय स्याङ्जाले जनाएको छ । कार्यालयका अनुसार उत्तीर्णमध्ये ९० जना प्राविधिक विद्यार्थी रहेका छन् । गत वर्षका परीक्षामा त्रिभुवन आदर्श माविका एक विद्यार्थीले मात्रै चार जिपिए ल्याएका थिए ।

# हेमजामा राजगोमनलाई 'वडा सर्प' र गोठे लाटोकोसेरोलाई 'वडा पंक्षी' घोषणा

पोखरापत्र संवाददाता
पोखरा, १४ असार

पोखरा महानगरपालिका वडा नम्बर २५, हेमजाले राजगोमन (कालिनिाग) लाई 'वडा सर्प' र गोठे लाटोकोसेरोलाई 'वडा पंक्षी' घोषण गरेको छ ।



स्नेक कन्जर्भेसन सोसाईटी नेपालको आयोजना, प्रकृतिका साथीहरुको सहकार्य र पोखरा महानगर पालिका वडा नं. २५ हेमजाको आर्थिक सहयोगमा शनिबार भएको लाटोकोसेरो र सर्प संरक्षण तथा जनचेतना मुलक कार्यक्रममा वडा सर्प र वडा पंक्षी घोषणा गरिएको हो । कार्यक्रममा पोखरा महानगर पालिकाका प्रवक्ता तथा वडा नं. २५ हेमजाका वडा अध्यक्ष मोतीलाल तिम्सिनाले राजगोमन (कालिनिाग) लाई 'वडा सर्प' र गोठे लाटोकोसेरोलाई 'वडा पंक्षी' घोषण गरेका हुन् । वडा कार्यलयको वैठकबाट निर्णय गरेर शनिबार उक्त कार्यक्रममा औपचरीक रुपमा वडासर्प र वडापंक्षी घोषणा गरिएको अध्यक्ष तिम्सिनाले जानकारी दिए । नेपालमा यस सर्पलाइ वडा सर्पको रुपमा घोषणा गर्ने पोखरा महानगरपालिका वडा नं. २५ हेमजा पहिलो स्थानीय तह हो। जैविक विविधताको रक्षा र राजगोमनलाई सम्मान जनाउदै यो घोषणा गरिएको हो । संसार भरि लगभग ४ हजार प्रजातिका सर्प पाइन्छन् । त्यसमध्ये नेपालमा करिव ८२ प्रजातिका सर्प पाइन्छन् भने कास्कीमा करिव ४० र हेमजामा करिव २२ प्रजातिका सर्पहरु अभिलेख गरिएको छ ।

राजगोमनले मुख्यतः सर्प खाने भएकोले अन्य सर्पहरु संख्या नियन्त्रण गर्न ठूलो भूमिका खेलेको हुन्छ । लज्जालु प्रजातिको यो सर्प हेमजाका खोला नदी बनजंगलहरुमा गुँड बनाएर बच्चा पनि हुर्काउछ । विशेष गरि परापूर्वकाल देखि नै यो सर्पलाई नाग पञ्चमीका दिन पुजा गरिदै आएको छ । राजगोमको गुँड अभिलेखन, संरक्षण र जनचेतना कार्यक्रमहरु स्नेक कन्जर्भेसन सोसाईटी नेपालले बिगत ८ वर्ष देखि गर्दै आएको छ । यसैगरी नेपालमा लाटोकोसेरोलाई वडा पंक्षीको रुपमा घोषणा गरिएको यो दोस्रो हो ।

यस अघि खोटाङ जिल्लाको जालपामा हाप्सिलोलाई घोषाण गरी विभिन्न संरक्षणका काम हुदै आएको छ । विश्वभर हालसम्म २ सय ५० भन्दा बढी प्रजातिका लाटोकोसेरो अभिलेख गरिएका छन् जसमध्ये २३ प्रजाति नेपालमा पाइन्छ । ती मध्ये १३ प्रजाति पोखरा उपत्यका र ७ प्रजाति हेमजा क्षेत्रमा अभिलेख गरिएको प्रकृतिका साथीहरुका निर्देशक राजु आचार्यले जानकारी दिए । उनका अनुसार थप अनुसन्धान गरेको यो संख्या वढ्न सक्नेछ । लाटोकोसेरो मानव बस्ती नजिकै वस्न रुचाउने पंक्षी जसका कारण हेमजाको क्षेत्र यसको लागि उपयुक्त बासस्थान भएको हुनाले यहाँ उल्लेख्या संख्यामा पाइन्छ । लाटोकोसेरोले मुसा खाएर मुसा नियन्त्रण ठूलो भूमिका खेल्ने भएकोले पनि यसलाई किसानको साथी पनि भनिन्छ । गोठे लाटोकोसेरोको एउटा परिवारले एक सिजनमा २ हजार देखि ३ हजार सम्म मुसाहरु खान सक्छ जसले गर्दा कृषि उत्पादनमा बृद्धि गर्न सहयोग पुऱ्याउने आचार्यले बताए । लाटोकोसेरो संरक्षणका लागि प्रकृतिका साथीहरु संस्था र डिभिजन वन कार्यालय कास्कीले पोखरा महानगर पालिका वडा नं. २५ सँग सहकार्य गरि यस क्षेत्रमा धेरै कार्यक्रम समेत गरिसकेको छ । ह्टिली पुरस्कारको रकम प्रकृतिको साथीहरु संस्था मार्फत यस क्षेत्र संरक्षण विभिन्न गतिविधि सञ्चालन भएका छन् ।

यस अघि पनि हेमजा रहेको तिब्रेकोट सामुदायिक वनलाई लाटोकोसेरो संरक्षीत वन घोषणा गरिसकिएको छ । कार्यक्रममा बोल्दै अध्यक्ष तिम्सिनाले यो घोषणले हेमजाको क्षेत्रलाई अध्ययन अनुसन्धानको थलो बनउदै पर्यापर्यटन प्रवर्द्धन गर्न सकिने विश्वास व्यक्त गरे। कार्यक्रममा प्रकृतिका साथीहरु संस्थाका निर्देशक राजु आचार्यले लाटोकोसेरो तथा स्नेक कन्जर्भेसन सोसाईटी नेपालका अध्यक्ष डा. रामाजी गौतम र अनुसन्धानकर्मी अभिशेक सापकोटाले सर्पको विषयमा सहजिकरण गरेका थिए ।

स्नेक कन्जर्भेसन सोसाईटी नेपालका अध्यक्ष डा. रामजी गौतमको अध्यक्षतामा भएको कार्यक्रममा कोषाध्यक्ष तथा संरक्षणकर्मी केशवराज सापकोटाले स्वागत र सचिव प्रकाशचन्द्र सापकोटाले कार्यक्रम सञ्चालन गरेका थिए ।

# 'रविलाल अधिकारी स्मृतिग्रन्थ' सार्वजनिक

पोखरापत्र संवाददाता
पोखरा, १४ असार

प्रगतिशील साहित्यकार प्रा.डा. रविलाल अधिकारीको ८० औं जन्मजयन्तीका अवसरमा उनका साहित्यिक कृतिहरूको समीक्षा र संस्मरणात्मक लेखहरु समावेश भएको 'रविलाल अधिकारी स्मृतिग्रन्थ' पोखरामा सार्वजनिक गरिएको छ ।



पृथ्वीनारायण क्याम्पस, पोखराका पूर्व क्याम्पस प्रमुख तथा बुद्धिजीवी प्रा. गेहेन्द्रेश्वर कोइरालाको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा प्रा.डा. यदुनन्दन उपाध्यायले रविलाल अधिकारीको जीवनी एवम् व्यक्तित्वमाथि प्रकाश पारेका थिए । उक्त स्मृति ग्रन्थमा समावेश भएका संस्मरणात्मक खण्डका लेखहरुमाथि रामराज रेग्मी र समीक्षात्मक लेखहरुमाथि प्रा.डा. रामनाथ ओझाले टिप्पणी गरेका थिए । प्रमुख अतिथि र अन्य वक्ताहरु डा. यमनाथ तिमिल्सिना, शेषमणि आचार्य, प्रकाशन समितिकी अध्यक्ष तथा रविलाल अधिकारीकी जीवनसँगिनी सम्झनादेवी अधिकारी लगायतले मन्तव्यका क्रममा रविलाल अधिकारीप्रति श्रद्धाञ्जली अर्पण गर्दै यस पुस्तकमा अधिकारीको समग्र साहित्यिक व्यक्तित्व समेटिएको उल्लेख गरेका थिए । नेपाल भित्रका र बाहिरका समेत गरी १४२ जना लेखकहरुका लेख-रचनाहरु समावेश गरिएको यो पुस्तक ५७६ पृष्ठको रहेको छ । स्मृति ग्रन्थको सम्पादन समितिमा रघुनाथ अधिकारी, प्रा.डा. यदुनन्दन उपाध्याय, प्राज्ञ डा. कृष्णराज अधिकारी, नारायण मरासिनी, भीम रानाभाट र नारायण परिश्रमी रहेका छन् । रघुनाथ अधिकारीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा कास्की, चितवन, स्याङ्जा, तनहुँ, पर्वत, बागलुङ लगायतका जिल्लाबाट ठूलो सङ्ख्यामा साहित्यकार एवम् साहित्यानुरागीहरूको उपस्थिति थियो । प्राज्ञ नारायण मरासिनीले सञ्चालन गरेको कार्यक्रममा प्रा.डा. अधिकारीका ज्येष्ठ सुपुत्र प्रमोद अधिकारीले मन्तव्यद्वारा स्वागत गरेका थिए । २००२ सालमा कास्की जिल्लाको गोर्जेमा जन्मेका प्रा.डा. रविलाल अधिकारीको २०७९ सालमा निधन भएको थियो । उनका हालसम्म दुई दर्जनभन्दा बढी कृतिहरु प्रकाशित छन् । अब बाँकी अप्रकाशित कृतिहरु पनि क्रमशः प्रकाशन गर्दै जाने योजना बनाएको कुरा अधिकारीका कान्छा सुपुत्र प्रमाण अधिकारीले जानकारी दिए ।

# एसईईको...

प्रधानमन्त्री ओलीले यो नतिजामा पनि केहीले भने नकारात्मक टिप्पणी गरेको उल्लेख गर्दै यो नतिजा र मेहनतलाई अपमान नगर्न आग्रह गर्नुभयो । "केहीले अङ्क थपेर पास गराइयो भनेर हचुवाको भरमा बिना आधार बोलिरहेका छन्, मेहनत गरेर विद्यार्थीले पास गरेको कुरालाई अपमान गर्ने र नयाँ पुस्ताको उत्साहलाई होच्याएको देख्दा दुःख लागेको छ", उहाँले भन्नुभयो ।

प्रधानमन्त्री ओलीले प्राकृतिक विपद्मा सरकारले प्राथमिकता राखेको समेत उल्लेख गर्दै उद्धार र राहतका लागि सरकारले तयारी गररहेको बताउनुभयो । "नेपाल प्राकृतिक प्रकोपले जोखिमयुक्त देश हो । मनसुनको समयमा कहाँ कति बेला क्षति पुऱ्याउन सक्छ आकलन गर्न सकिँदैन । यद्यपि हामीले राहत र उद्धारको पूर्व तयारी गरिरहेका छौँ", उहाँले भन्नुभयो ।


जलवायु परिवर्तनको असरबाट जोगिऔं

जलवायु परिवर्तनका असर:
- हिउँ पग्लने र हिमाल नाङ्गा डाँडामा परिणत हुने,
- बाढी, पहिरो र सुख्खा बढ्दै जाने,
- कृषि प्रणालीमा असर पर्ने,
- जैविक विविधताको विनाश हुने,
- वातावरणीय प्रणालीमा प्रभाव पर्ने,
- तापक्रममा बृद्धि हुने,

जलवायु परिवर्तनबाट बच्न:
- नवीकरणीय ऊर्जाको प्रयोग गरौं,
- रुख रोपौं वनजंगलको संरक्षण गरौं,
- पुराना सवारी साधनको प्रयोग नगरौं
- जलवायु शिक्षामा जोड दिऔं

नेपाल सरकार
विज्ञापन बोर्ड



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी


डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्बे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

विगतका कुराहरूले भविष्यको मार्गदर्शन गर्छ ।
– अज्ञात

## सम्पादकीय

# एसइई नतिजामा सुधार

धेरैलाई असफल बनाउने माध्यमिक शिक्षा परीक्षा (एसइई) को नतिजालाई लिएर आलोचित बनेको सरकारलाई यस बर्ष राहत मिलेको छ । एसइईको नतिजामा गत वर्षको तुलनामा राम्रो सुधार भएको छ । राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालयले शुक्रबार सार्वजनिक गरेको नतिजा अनुसार २०८१ सालको परीक्षामा ६१.८१ प्रतिशत परीक्षार्थी उत्तीर्ण भएका छन् । परीक्षामा कुल चार लाख ३८ हजार ८९६ परीक्षार्थी सहभागी भएका थिए, जसमध्ये दुई लाख ७१ हजार २९९ जना उत्तीर्ण भएका छन् । एक लाख ६७ हजार ५९७ जना अनुत्तीर्ण अर्थात् नन ग्रेडेडमा परेका छन् ।

यस पटकको नतिजा पछिल्लो वर्षको तुलनामा उच्च उत्तीर्ण दर हो । गत वर्ष एसइईमा ४७.८६ प्रतिशत परीक्षार्थी उत्तीर्ण भएका थिए । अहिलेको नतिजा गत वर्षको भन्दा १४ प्रतिशतले धेरै छ यस पटक एसइईमा न्यूनतम ७० प्रतिशत परीक्षार्थी उत्तीर्ण गराउने गरी सरकारी तयारी थियो । ग्रेडवृद्धि परीक्षामा सहभागी हुने परीक्षार्थीको उत्तीर्ण प्रतिशतलाई समेत आधार मानेर गणना गर्ने हो भने सरकारी लक्ष्यभन्दा पनि बढी उपलब्धि हुने देखिन्छ ।

शैक्षिक गुणस्तर मापन अनुसार अहिलेको नतिजालाई राम्रो मान्नुपर्दछ । परीक्षार्थीको सिकाइलाई भन्दा पनि नतिजालाई मात्रै प्राथमिकता दिने सोचमा भने परिवर्तन आउनुपर्छ । यसलाई अझै ९० प्रतिशत पुऱ्याउने गरी विद्यालय शिक्षाको अन्तिम खुड्किलो मानिने कक्षा १२ को नतिजा सुधारतर्फ अहिलेको जनशक्ति र स्रोतलाई परिचालन गर्नुपर्छ । गत वर्षको नतिजा आधाभन्दा बढी परीक्षार्थी अनुत्तीर्ण भएपछि सरोकारवाला सबैको ध्यान यस पटकको नतिजा सुधारमा गएको छासुधार गर्नु पर्छ भन्नेतर्फ केन्द्रित भएको र त्यसैको परिणाम अहिले देखिएको हो ।

"गत वर्ष धेरै परीक्षार्थी अनुत्तीर्ण भएपछि स्थानीय तहदेखि केन्द्रसम्मै हामीले नतिजा विश्लेषण गऱ्यौं । विद्यार्थी कमजोर भएका विषयको सिकाइ सुधार्नेतर्फ अध्ययन गरेर सोही अनुसार रणनीति बनाएर शिक्षक कर्मचारी परिचालन गऱ्यौं र विद्यार्थीलाई पनि सोही अनुसार पढाइमा खटायौं । त्यसको परिणाम नतिजामा देखिएको हो । परीक्षामा उत्तीर्ण परीक्षार्थीलाई बोर्डले ग्रेडेड समूहमा राख्ने गर्दछ ।

यो समूहमा पर्न परीक्षार्थीले सैद्धान्तिकतर्फ हरेक विषयमा न्यूनतम ३५ प्रतिशत र आन्तरिकतर्फ न्यूनतम ४० प्रतिशत अङ्क ल्याउनै पर्छ । सैद्धान्तिकतर्फको ७५ पूर्णाङ्कको विषयमा कम्तीमा २७ अङ्क र आन्तरिकतर्फको २५ पूर्णाङ्कमा कम्तीमा १० अङ्क प्राप्त गर्नुपर्ने व्यवस्था छ ।

यो व्यवस्था गर्त वर्षदेखि लागु गरिएको हो । पहिलो पटक लागु गरिएका कारण गतवर्ष धेरै परीक्षार्थी अनुत्तीर्ण भएको र सोही अनुत्तीर्ण दरलाई हेरेर विद्यार्थीमा पढ्ने बानीको समेत विकास हुँदा नतिजा अहिले सुधारिएको बोर्डको विश्लेषण छ । परीक्षामा कुल चार लाख ३८ हजार ८९६ परीक्षार्थी सहभागी थिए, जसमध्ये बोर्डले परीक्षार्थीको प्राप्ताङ्क अनुसार उच्च अङ्क ल्याउनेलाई जिपिए ३.६० देखि ४ सम्म र सबैभन्दा कम ल्याउनेलाई एनजीसहित सात समूहमा राखेर नतिजा प्रकाशन गरेको छ ।

बोर्डका अनुसार जिपिए १.६० देखि २ भन्दा कम- ८ जना, जिपिए २ देखि २.४० भन्दा कम- ४,१२६ जना, जिपिए २.४० देखि २.८० भन्दा कम- ४८,४७९ जना, जिपिए २.८० देखि ३.२० भन्दा कम- ८९,१२४ जना, जिपिए ३.२० देखि ३.६० भन्दा कम- ८१,३८५ जना, जिपिए ३.६० देखि ४ सम्म- ४८,१७७ जनाले ल्याएका छन् । यो वर्ष अन्तिम मानेर एसइई प्रदेशलाई दिएर सबैलाई पास गराउन आवश्यक छ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक झमेला | धनु | : आर्थिक समस्या |
| कर्कट | : मानसिक तनाब | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# ७० रोपनी क्षेत्रफलमा अङ्गुरखेती



पोखरापत्र संवाददाता
तनहुँ, १४ असार

जिल्लामा पहिलो पटक ७० रोपनी क्षेत्रफलमा गरिएको व्यावसायिक अङ्गुरखेती अवलोकन गर्न आन्तरिक पर्यटकको आकर्षण बढेको छ । घिरिङ गाउँपालिका-४ बाह्रबीसेमा व्यावसायिक रूपमा थालिएको अङ्गुरखेती हेर्न जिल्लाका विभिन्न क्षेत्रबाट आन्तरिक पर्यटक पुग्न थालेका हुन् ।

काठमाडौं चन्द्रागिरिका कुमार कार्कीले पाँच वर्षअघि यहाँ जग्गा खरिद गरी व्यावसायिक रूपमा अङ्गुरखेती गरिरहनुभएको छ । विसं २०७७ मा घिरिङ भिनेयार्ड एग्रो रिसर्च सेन्टर दर्ता गरी खेती सुरु गर्नुभएकामा अहिले फार्ममा लटरम्म अङ्गुर फलेका छन् ।

करिब ७० रोपनी क्षेत्रफलमा डिभिको, चार्डोनी, अर्कोडिया, सोन्जालगायत २१ प्रजातिका अङ्गुर लगाएको कार्कीले जानकारी दिनुभयो । उहाँका अनुसार जिल्लाको पहिलो अङ्गुरखेती हेर्न दैनिक ५० जनासम्म आन्तरिक पर्यटक यहाँ पुग्ने गरेका छन् । व्यास नगरपालिका-५ का मोहनकुमार श्रेष्ठले लटरम्म फलेका अङ्गुरले यहाँ पुग्ने जोकोहीलाई लोभ्याउने बताउनुभयो । अङ्गुर फार्ममा पुग्नुभएका छिमेकी ऋषिङ गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले अङ्गुरखेती प्रशंसालायक रहेको उल्लेख गर्नुभयो । सञ्चालक कार्कीका अनुसार फार्ममा चार जनाले स्थायी र २० जनाले ज्यालादारीका रूपमा रोजगारी पाएका छन् । स्वीट्जरल्याण्डबाट प्रतिबिरुवा रु ७०० देखि एक हजारसम्ममा खरिद गरी यहाँ ल्याएर रोपिएको उहाँले जानकारी दिनुभयो । अङ्गुरखेतीका लागि हालसम्म रु एक करोड ५० लाखभन्दा बढी लगानी भइसकेको उहाँले बताउनुभयो ।

कार्कीका अनुसार यहाँ उत्पादित अङ्गुर वाइन बनाउनका लागि धादिङ पठाउने गरिएको छ । सात सय ५० मिलिलिटरका बोतलमा विभिन्न तीन प्रकारका वाइन उत्पादन भइरहेको उहाँले जानकारी दिनुभयो । वाइन बनाउने कम्पनीले धादिङको थाँक्रे गाउँपालिका-१० जुडेखोला केवलपुरमा विगत १५ वर्षदेखि ३०० रोपनी क्षेत्रफलमा ३० हजार बिरुवा लगाएर व्यावसायिक अङ्गुरखेती गरी वाइन उत्पादन गर्दै आएको कार्कीले बताउनुभयो ।

धादिङमा रु ३८ करोड ५० लाखको लागतमा अङ्गुरखेती र वाइन उत्पादन भइरहेको भन्दै त्यहाँ उत्पादित वाइन प्रतिबोतल रु एक हजार २०० मा बिक्री भइरहेको उहाँले उल्लेख गर्नुभयो । कार्कीले भन्नुभयो, "कम्पनीसँग हाल वार्षिक तीन लाख लिटर वाइन उत्पादन गर्ने क्षमता छ ।" वर्षामा एकपटक अङ्गुर फल्ने भएकाले अन्य समयमा फार्ममा रेखदेख, गोडमेल, काँटछाँट, बिरुवा मरेका ठाउँमा नयाँ बिरुवा लगाउनेलगायत कार्य गरिएको उहाँको भनाइ छ ।

फार्ममा हारियोमा सुजी, कायाबिनेट क्यान्टर, मनाज, सोबिनियन ग्रिस तथा खानका लागि फन्नी, सोफिया, आरकडिया, पोलिस्की, दुचबा, चालिचमानलगायत जातका अङ्गुर छन् । अङ्गुरको बोटमा चैत, वैशाखमा फूल फुल्छ भने त्यसपछि तीन महिनामा फल टिप्न तयार हुन्छ । यहाँको हावापानी उपयुक्त रहेकाले व्यावसायिक रूपमा अङ्गुरखेती भइरहेको घिरिङ गाउँपालिकाका अध्यक्ष होमबहादुर थापाले बताउनुभयो ।

# गाउँपालिकाको लगानीले एसइई नतिजा सुधार

पोखरापत्र संवाददाता
तनहुँ, १४ असार

तनहुँको आँबुखैरेनी गाउँपालिका-६ हिलेखर्कस्थित कन्यादेवी माध्यमिक विद्यालय गत वर्षको एसइईमा निल भएको थियो ।

गत वर्ष विद्यालयका १९ विद्यार्थी एसइईमा सहभागी थिए । त्यतिबेला सबै विद्यार्थी अनुत्तीर्ण भएका थिए । ग्रेडवृद्धिबाट चार विद्यार्थी उत्तीर्ण भएका थिए ।

तर यस वर्ष उक्त विद्यालयको नतिजामा सुधार आएको छ । यस वर्ष विद्यालयबाट ७३.३३ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । पन्ध्र जना विद्यार्थी सहभागी भएकामा ११ जना विद्यार्थी उत्तीर्ण भएको विद्यालयका प्रधानाध्यापक सूर्यमानसिंह गुरुङले जानकारी दिनुभयो । पालिकाको लगानीका कारण यस वर्षको नतिजामा सुधार आएको विद्यालयका प्रधानाध्यापक गुरुङले जानकारी दिनुभयो ।

पालिकाले एसइई दिने विद्यार्थीलाई मध्यनजर गरी होस्टेलको व्यवस्था गरेको थियो । होस्टेलमा विद्यार्थीका लागि खाने, बस्ने सबै खर्च पालिकाले व्यवस्थापन गरिदिएको थियो ।

यस्तै विषयगत शिक्षकले होस्टेलमै बसेर विद्यार्थीलाई अध्ययन गराउँथे । बिहान ५-८ र साँझ ५-८ अतिरिक्त अध्ययनको व्यवस्था मिलाइएको थियो । उहाँले भन्नुभयो, "सुरुदेखि एसइई नतिजा सुधारका लागि पालिकाले लगानी गरेको थियो । त्यसकै परिणाम अहिले देखिएको छ ।"

गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले पालिकाभित्रका विद्यालयको नतिजा सुधारका लागि आफूहरू सुरुदेखि नै लागेको बताउनुभयो । उहाँले भन्नुभयो, "गत वर्षको नतिजाले हामीलाई निराश बनाएको थियो । अहिले नतिजा सुधारका लागि विद्यालयमै आवाससहितको कक्षा सञ्चालन गरेका थियौं ।" सम्पूर्ण वडाभित्रका विद्यालयको नतिजाको विवरण सङ्कलनको क्रममै रहेको बताउँदै चुमानले सबै विद्यालयको नतिजा सुधार आएको उल्लेख गर्नुभयो ।

# भण्डारढिक रंगशालामा रग्बी प्रतियोगिता सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १४ असार




कास्की जिल्ला रग्बी संघको आयोजनामा भण्डारढिक रंगशालामा रग्बी प्रतियोगिता सम्पन्न भएको छ ।

पोखरा महानगरपालिकाको सहयोग र विद्यालय रग्बी आयोगको समन्वयमा असार १३ र १४ गते दुई दिन सम्म चलेको पोखरा टीआई विद्यालय स्तरीय रग्बी प्रतियोगितामा लेखनाथ मेमोरियल ईङ्लिस बोर्डिङ स्कुल च्याम्पियन भएको छ । शनिबार लेखनाथ रंगशाला भण्डारढिकमा भएको छात्र तर्फको फाइनल खेलमा सोसल पब्लिक स्कूललाई १-० ट्राईबेकरले पछि पार्दै चयाम्पियन बनेको हो ।

छात्र तर्फ लिटल फ्लावर एजुकेशनल सेकेण्डरी स्कुललाई १-० ट्राईबेकरले पछि पार्दै लेखनाथ मेमोरियलले दोहोरो उपाधी कब्जा गरेको हो । प्रतियोगितामा छात्रतर्फ लिटल फ्लावरले न्यू एरा एकेडेमीलाई २-१ ट्राईले पछि पारी तृतीय स्थानमा रहदा न्यू एरा चौथो हुन सफल रह्यो । छात्रा तर्फ न्यू एरा एकेडेमीले सोसल पब्लिक स्कूललाई पेनाल्टी,नक अन र मेजोरिटि मिस्टेकका आधारमा पाखा लगाउँदै तृतीय हुँदा सोसल पब्लिक चौथो हुन सफल रह्यो । प्रतियोगिताको दोस्रो दिन पोखरा सेभेन्सको दोस्रो संस्करण स्वरुप गण्डकी प्रदेशका खेलाडीहरुलाई २ टिममा बाँडेर मैत्रीपूर्ण खेल समेत सम्पन्न गरियो । सो अन्तर्गत टिम मोशेसले टीम संगमलाई ३ ट्राईका बिरुद्ध ५ ट्राईले पछि पारि बिजेता बन्न सफल रह्यो । प्रतियोगितामा पदक बिजेता समूहहरुलाई पोखरा म.न.पा -२९ का वडा अध्यक्ष श्री प्रसाद गुरुङ, राखेप बोर्ड सदस्य मधुसुदन सुबेदी, पोखरा महानगरपालिका खेलकुद विकास समितिका पुर्व अध्यक्ष दिपक बहादुर गोदार, वडा नं. २९ का पूर्व अध्यक्ष तथा समाजसेवी चेतबहादुर गुरुङ, विद्यालय रग्बी आयोगका केन्द्रिय सदस्य खिम गुरुङ, विद्यालय रग्बी आयोग गण्डकीका अध्यक्ष मिलन के.सी, लेखनाथ पत्रकार मञ्चका अध्यक्ष विष्णुहरि पौडेल, रग्बी संघ कास्की अध्यक्ष सुवास खड्का लगायतले पुरस्कार वितरण गरेका थिए । वि.सं. २०७२ सालमा गठन भएको संघले खेलाडी, प्रशिक्षक र रेफ्री उत्पादनका लागि निरन्तर प्रशिक्षण र प्रतियोगिता संचालन गर्दै आईरहेको छ ।

# आदिवासी शिक्षा र विकास सम्बन्धी एक वर्षे स्नातकोत्तर कार्यक्रम सञ्चालनमा

पोखरापत्र संवाददाता
पोखरा, १४ असार




काठमाडौं विश्वविद्यालय स्कूल अफ एजुकेशन अन्तर्गतको शिक्षा विभागले दक्षिण एसियामा नै पहिलो र पृथक कार्यक्रम, आदिवासी शिक्षा र विकास सम्बन्धि एक वर्षे स्नातकोत्तर कार्यक्रम गत दुई वर्ष देखि सञ्चालन गर्दै आएको छ ।

कुनैपनि विद्यामा स्नाकोत्तर गरिसकेकाहरूको लागि ल्याईएको उक्त कार्यक्रममा आदिवासी ज्ञान, सिप, संस्कृति, भाषा, मुल्य, मान्यता, विकास र समग्र शिक्षा प्रणालीको सन्दर्भमा समालोचक सोच, चिन्तन र विचार निर्माण गर्ने र एक्काईसौं सताब्दिमा आवश्यक सिप र क्षमताको विकास गर्ने उद्देश्य रहेको छ । आदिवासी शिक्षा र विकास विषयको एक वर्षे स्नातकोत्तर कार्यक्रम, विकास शिक्षा विभाग, स्कूल अफ एजुकेशन काठमाण्डौ विश्वविद्यालयले पोखरामा पत्रकार सम्मेलनको आयोजना गरि आदिवासी शिक्षा र विकास सम्बन्धि एक वर्षे स्नातकोत्तर कार्यक्रमको बारेमा जानकारी दिएको हो । सो अवसरमा वोल्दै आदिवासी शिक्षा र विकास विषयको एक वर्षे स्नातकोत्तर कार्यक्रम संयोजक उप प्राध्यापक डा. लिना गुरुङले विश्व परिवेशमा विकसित भएको औपचारिक र आधुनिक शिक्षाको परम्पराले परिस्थिति जन्य र सन्दर्भ अनुसारको आदिवासी तथा स्थानिय ज्ञान, विश्वास, विश्वदृष्टिकोण, प्रविधि, कला, भाष, मूल्य मान्यता र संस्कृतिलाई कहिल्यै पनि शिक्षाको विषयवस्तुको रुपमा ग्रहण गर्न नसकेका कारण उक्त ज्ञानहरु लोपन्मुख अवस्थामा पुगेको वताउदै नेपालको परिवेशमा पाश्चात्य ज्ञान प्रणाली र शैक्षिक अभ्यासले सिर्जना गरेको बौद्धिक तथा मिमांसिय अन्याय भोगुपरिरहेको अवस्थामा काठमाण्डौ विश्वविद्यालयले उक्त तथ्य र परिस्थितिलाई मनन गरेर नेपालमा आदिवासी शिक्षा र विकासमा एक वर्षे स्नातकोत्तर कार्यक्रम ल्याएको बताइन ।

जलवायु परिवर्तनले प्राकृतिक वातावरणमा ल्याइरहेको संकटसँग जुध्न पनि आदिवासी ज्ञानको प्रवर्धन गर्न विज्ञानको सिमितताको विकल्पमा आदिवासीय तथा स्थानिय ज्ञान तथा परम्पराले जलवायु अनुकुलन तथा न्युनिकरणको लागी महत्वपूर्ण भूमिका खेल्ने भएकाले त्यसलाई मध्यनजर गरी आदिवासीय ज्ञानलाई प्रवर्द्धन गर्न समेत उक्त कार्यक्रमले योगदान पुऱ्याउने उप प्रध्यापक गुरुङले बताइन् ।

एक वर्षे स्नातकोत्तर कार्यक्रम मार्फत आदिवासीहरुको भाषा, संस्कृति ज्ञान, परम्परालाई अध्ययन अनुसन्धान गर्ने दस्तावेजीकरण गर्ने, साँस्कृतिक संवेदनशीलतालाई बुझ्न सक्ने, सचेत निर्णय गर्न सक्ने, पैरवी गर्न सक्ने, नीति तथा कार्यक्रमहरुको विश्लेषण गर्न सक्ने क्षमताको विकास र विद्यार्थीहरुमा यस अनुरुपको क्षमता विकास गर्न सहयोग पुग्ने समेत गुरुङको भनाइ छ । विश्व परिवेशमा उठिरहेको दिगो विकासको अभियानमा नेपाल पनि सहभागी भइरहेको सन्दर्भमा आदिवासी तथा स्थानिय ज्ञानले दिगो प्राकृतिक स्रोत साधनको व्यवस्थापन र जैविक विविधताको संरक्षण गर्न समेत सहयोग पर्ने बताउदै गुरुङले दिगो वातावरणीय, सामाजिक, साँस्कृतिक तथा आर्थिक विकासको लागि पनि आदिवासी तथा स्थानीय ज्ञानको प्रवर्धन र विकास गर्न आवश्यक रहेको बताइन । स्नातकोत्तर कार्यक्रमले तात्कालिन तथा दुरगामी महत्वलाई मध्य नजर गरेर नेपालको शिक्षा तथा विकासको क्षेत्रमा वैकल्पिक ज्ञान र परम्परालाई अगाडि बढाउन टेवा पुग्ने उनको भनाइ छ । त्यस्तै अर्का सह प्रध्यापक डा. इन्द्रमणी राइले आदिवासी शिक्षा र विकास सम्बन्धि एक वर्षे स्नातकोत्तर कार्यक्रमले विद्यार्थीहरुलाई विभिन्न करियरका सम्भावनाहरुको ढोका खोल्ने बताए ।

कार्यक्रम मार्फत अनुसन्धानको पद्धति, विधि र सिपमा जोड दिने भएकोले विद्यार्थीहरु आदिवासी तथा स्थानिय परिवेशमा साँस्कृतिक सम्वेदनसिलताको साथ अनुसन्धान गर्ने अनुसन्धानकर्ताको रुपमा विकसित हुन सक्ने, शिक्षण सिप र क्षमता पाठ्यक्रम निर्माण तथा मुल्याङ्कन विधि र प्रकृयाको बारेमा दक्षता प्राप्त हुने हुनाले शिक्षक वा पाठ्यक्रम निर्माताको रुपमा आफुलाई विकास गर्न सक्ने, संयुक्त राष्ट्र संघिय निकायहरु सरकारी तथा गैर सरकारी निकाय, वित्तिय संस्थाहरु, बहुराष्ट्रिय निकायहरु आदिमा आदिवासी विज्ञको रुपमा कार्य गर्न सक्ने राइले बताए ।

# थोराङ्ला पास सरसफाइ, ६५ बोरा फोहर सङ्कलन


पोखरापत्र संवाददाता
मनाङ, १४ असार

विश्वको जोखिमयुक्त मानिने अन्नपूर्ण चक्रीय पदमार्गअन्तर्गत सरसफाइ गरिएको छ । विश्वको १०औं स्थानमा पर्ने जोखिमयुक्त पदमार्गको परिचय बनाएको क्षेत्रमा सरसफाइ गरिएको हो ।

यस पदमार्गअन्तर्गत माथिल्लो मनाङस्थित टङ्की मनाङदेखि थोराङ ला भञ्ज्याङ (पास)सम्मको नकुहिने फोहर सङ्कलन गरिएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना कार्यालय मनाङका प्रमुख ढकबहादुर भुजेलले जानकारी दिनुभयो । उहाँका अनुसार नकुहिने फोहर सङ्कलन गरी व्यवस्थापन गरिएको छ । उहाँले भन्नुभयो, "यस पदमार्ग विश्व प्रसिद्ध भएकाले अधिकांश बाह्य पर्यटकको आगमन बढी हुन्छ । तर, नकुहिने फोहरमैला बढी हुँदा दुर्गन्धित बन्ने खतरामा रहेको छ । नकुहिने फोहरजन्य पदार्थ लगिए पनि साथमा नै ल्याउनुपर्ने प्रावधान राखिएको छ । तर, उपयोग भएको पाइएको छैन ।" वर्षौंसम्म नष्ट नहुने फोहरले जलवायु परिवर्तनमा समेत प्रभाव पारेको उहाँको भनाइ छ ।

सो क्षेत्रमा सरसफाइका क्रममा ६५ बोरा फोहर सङ्कलन गरी व्यवस्थापन गरिएको पर्यटन व्यवस्थापन उपसमिति टङ्की मनाङले जनाएको छ । बेमौसममा पर्यटकको कम आगमन हुँदा सरसफाइमा सहज हुने भएकाले अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका कार्यालय र पर्यटन व्यवस्थापन उपसमिति टङ्की मनाङको संयुक्त आयोजनामा सरसफाइ गरिएको हो ।

# बाइसौँ राष्ट्रिय धान रोपाई महोत्सव तथा धान दिवस २०८२ वर्तमान सङ्क्षिप्त विश्लेषण



शिव प्रसाद गौतम

२०८२ साल आषाढ १५ गते नेपाल किसान महासङ्घ जिल्ला कार्य समिति कास्कीले पोखरा महानगरपालिका वडा नं. १४, वात्स्यान मार्ग खाल्टे गैरी गाउँमा २२ औँ राष्ट्रिय धान रोपाइ महोत्सव तथा धान दिवस विभिन्न कार्यक्रमहरू सञ्चालन गरेर भव्य रूपमा मनाउने भएको छ। देशको ६० प्रतिशत जनताको पेशा कृषि र देशको अर्थतन्त्रको २७५ भाग यो व्यवसायले ओगटेको हुनाले नेपालमा कृषक र कृषि पेशाको महत्त्वपूर्ण स्थान रहेकोले नेपाललाई कृषि प्रधान देश भनेर विश्वमा नै चिनिएको अवस्था छ। कृषि विशेष सँग सम्बन्धित मेला समारोहमा नेपाललाई कृषि प्रधान देश भनेर भाषण गर्ने चलन छ। नेपालमा शासक, प्रशासक, महात्मा, न्यायविद, उद्योगपति व्यापारी सर्वसाधारण नागरिक सबैलाई अन्न उत्पादन गरेर पाल्ने कृषक हुन्। कृषिमा सबै भन्दा महत्त्वपूर्ण अन्न धान हो। त्यसैले असार १५ लाई धानको रोपाइ र धान दिवसको रूपमा मनाइँदै आइएको छ ।कृषक र अन्नको सुमधुर सम्बन्ध छ। मानिसको जीवनका लागि आवश्यक पर्ने इन्धनको पूर्ति गर्न अन्न उत्पादन गर्नुपर्छ। मानिसले आफू बाँच्न खेती गर्छ। कुन कुन खेती गर्ने व्यक्तिलाई कृषक भनिन्छ यी सबै प्रकारका अन्न बाली उत्पादन गर्ने (२) पशुपालन गर्ने (३) दूध व्यवसाय गर्ने (४) कुखुरा पालन गर्ने (५) चीया उत्पादन (६) कफि उत्पादन (७) उखु उत्पदन (८) जडिबुटी उत्पादन (९), श्रम गर्ने किसान (१०) मौरीपालन (११) तरकारी उत्पादन (१२), फलफूल उत्पादन (१३) मसला उत्पादन (१४) माछा पालन (१५) फूल खेती गर्ने (१६) सुपारी उत्पादन (१७) जुट, कपास, लोकता, अल्लो र रेशम उत्पादन गर्ने सबै व्यक्ति किसान हुन्।

धान तथा अन्य सबै प्रकारका अन्न उत्पादनका लागि उर्वर भूमि, सिंचाइ, मल बीउ, जनश्रम पशुश्रम आदि अनिवार्य तत्त्व हुन्। उचित मौसम पनि अति आवश्यक पर्दछ। नेपालको कृषि मनसुनको जुवा हो भन्ने उखान पनि छ। आजभन्दा ४०।५० वर्ष अगाडि नेपालका कृषकहरू जेष्ठको अन्त्यदेखि श्रावण महिनाको १५ गतेसम्म अर्थात् डेढ महिनासम्म प्रत्येक दिन पर्म प्रणालीबाट धानको रोपाइ गर्थे। असार महिनालाई मानु खाएर मुरी उब्जाउने महिनाको रूपमा लिइन्थ्यो। कोही कोहीले मुठी रोपेर मुरी उब्जाउने भन्ने चलन छ। आफू आफूमा आलोपालो गरी एकले अर्काको काम गरिदिने चलन, परेली, पालो प्रथाबाट धानको रोपाइ गर्ने चलन थियो।

रोपाइ गर्नका लागि दुई ओटा गोरुले जोत्ने हली, खेतमा बाँझो रहेको छेउकुना खेनर मिलाउन बाउसे र हिल्याएको खेतमा धान रोप्ने रोपाहार खेतालीहरू आवश्यक पर्छन्। हल गोरुलाई घाँस पराल, बाउसेलाई लट्टे, रोपाहारलाई खट्टे खाजा दिने चलन थियो भने हलीलाई दालभात तरकारी अचार दिने पुरानो चलन थियो। अहिले त धान रोप्ने खेतहरू लोप हुँदै गए। धानको रोपाइ गर्न टेक्टरले हिल्याउने र खेतालीले रोप्ने गर्दछन् भने खाजा भने एक पटक चिया पाउराटी र २।३ बजेतिर सेल रोटी, दही चिउरा खाजा खाने चलन छ। रोपाइको दिन रातो अक्षताको टिका र धानको वीउ फूलको रूपमा लगाउने प्रथा थियो। कहिकतै क्षेत्रपाल देवतालाई अक्षता धानको बिउ सेल रोटी प्रसाद चढाएर पूजा गर्ने चलन पनि थियो। धान खेतमा रोपाइ गर्नुभन्दा अगाडि गाई गोरु भैसी भेडा बाख्राको मल हालेर खेतलालाई उर्वर बनाएर रोपाइ गरिन्थ्यो। धानको बिउ धान पाकेपछि राम्रो बाला टिपेर राम्रोसँग घाममा सुकाएर बिउको व्यवस्था गरिन्थ्यो। अहिले त यी सबै प्रथा हराएर वर्ण शंकर बीउ रासायनिक मल हालेर धान रोपाइ गरिन्छ। पहिलेको डेढ महिनासम्म गरिने धान रोपाइ एक दिनमा झरेको छ। पहिले जस्तो पर्म प्रथा हरायो।

त्यो बेलाका धानका स्थानीय जातहरू जेठोबुढो ,पिहेले, विरमफल गौरिया, रमनी, मार्सी, खाल्टे खोलो, गुर्दी, मनसुली, कौडे मनसरा, बर्मेली, असधी, आगा, झौरी, तौली, घैया, आपझुत्ते, ताइचिन कनकजिए, जुनेली, गुणे, उवार, जस्मिन, सुनौला धान आदि धानका रैथाने जातहरू सबै लोप भएर गएका छन्। अहिले पोखराका बँचे खुचेका खेतमा पुराना सबै बिउका जात हराएकोले सुधारिउको जेठो बुढो र पहेले धान युरिया र डिएपी मल हालेर रोप्ने चलन छ। पुरानो सबै लोप भएर गयो। डेढ महिना धानको रोपाइ गर्ने चलन अहिले असार १५ गते एक दिन रोपाइ महोत्सव तथा धान दिवस भनेर मनाउने प्रचलन आएको छ। त्यो बेला रोपाहाकरहरूले असारे गीत गाउँथे। असार १५ गते एक दिन हिले दिवस भनेर हिलो खेलेर मनाउँथे। खेतमा धान रोपिन्थ्यो। आली कान्लामा मास रोपिन्थ्यो। पाकेपछि मासको दाल र जेठोबुढो चामलको भात खाइन्थ्यो। जेठो बुढोको चामलको भात पकाएपछि गाउँभरी बसाउँथ्यो। अहिले लोप भएको छ।

पाखा बारीमा मकै, कोदो, गहुँ, फापर, काउनो उवा, जौ, तोरी भट्टमास, सिल्टिउर, गहत, मुसरो, केराउ, चना, रहर, अडहर कुटिलकोसा, बकुल्ला, राजमा, सीमी, बोडी, रायो सर्स्यु, अत्तसी, लतरी, साबुदाना, सुजी तिल, सिलाम, खुर्सानी, अदुवा, बेसार, हलेदो, पिडालु, आलु, तरुल, बन्दा, काउली, मुला, साग, भान्टा, घिरौला, चिचिन्ना, लौका, गोलभेडा, बडकाउली, आदि वर्षे तथा हिउँदे तरकारी खेती गर्ने चलन थियो। आफ्नो बारीमा आफैले उत्पादन गरेको दाल, भात तरकारी अचार खाँदा अत्यन्त मीठो हुन्थ्यो र स्वास्थ्य पनि राम्रो थियो। अहिले सबै स्वदेश तथा विदेशबाट आयातित अन्न र तरकारी खाँदा स्वास्थ्य नाजुक छ।

पोखरा पहिले खाद्यान्नमा आत्मनिर्भर थियो अहिले सबै बेसाएर खान्छन्। यसको मूल कारण पोखराको धान उत्पादन गर्ने सिंचाइको व्यवस्था भएका फाँटहरू भूमाफियाहरूले सोझा किसानहरूलाई ललाइफकाइ गुन्द्रुकको भाउमा खरिद गरेर प्लटिङ गरेर बेचेर कंक्रिटका बस्ती र पिच, ढलानको बाटो बनाएर ध्वस्त पारेँ। यो दुष्कर्मलाई रोक्न सम्बन्धित निकायहरूले कुनै चासो खाँचो राखेनन्। जसले गर्दा पोखरेलीहरू भारतीय कुहेका चामले भरिएका टिलिक्क टल्केका बोराका चामल किनेर पकाएर भात खाँदैछन्। नेपालका नेता प्रशासक भने जेठोबुढो, पहिले र मार्सी जस्ता उन्नत जातका धानका चामलको भात खोजि खोजी खान्छन्। खान पर्ने सबैलाई खान माग्ने उत्ताउलो भनेको यही हो। कृषि पेशा दुःखी पेशा भनेर धेरैले कृषि पेशा त्यागेका छन्। किसानको हकहितको संरक्षण गरी कृषि उत्पादन बढाउने सन्दर्भमा स्थापित भएका सरकारी, गैरसरकारी संस्थामा वास्तविक किसानले पद पाउँदैनन्। गैर कृषि क्षेत्रका व्यक्तिहरू सबै पदमा बसेर कृषकको हक हितको संरक्षण गरी कृषकलाई बढी खाद्यान्न उत्पादन गर्न सहुलियत उपलब्ध गराउन व्यवस्था भएको नगद तथा जिन्सी सामग्री सबै गैर कृषि क्षेत्रका व्यक्तिहरूले दुरुपयोग गरेको अवस्था छ। यस्तो प्रथालाई रोकेर वास्तविक कृषकलाई नगद जिन्सी विउ मल उपलब्ध गराउन पर्छ तर यस्तो हुन सकेको छैन। यसले गर्दा घामपानी हावाहुरी सहेर कृषि व्यवसाय गर्ने जनता दुःखी छन्। वास्तविक किसानको पहिचान गरेर यस्ता व्यक्तिलाई सरकारी अनुदान दिएर खाद्यान्न उत्पादन बढाउन प्रश्रय दिनु पर्ने हो तर गैर कृषि क्षेत्रका व्यक्तिहरूले संस्थाको पद र अनुदान वितरण गर्ने प्राप्त भएका नगद विउ विजन सबै आफैले उपभोग गर्ने परिपाटीले गर्दा खाद्यान्न उत्पादनमा ह्रास आएर १४ अरब रूपैयाँको खाद्यान्न आयात गर्न राज्यले खर्च गरेको छ। माओवादी दश वर्षे जनयुद्धले गर्दा ग्रामीण क्षेत्र वस्ती विहीन र शहरी क्षेत्र घना वस्ती भएर गाउँका भूमि बाझा रहेका छन् भने शहरका सिंचाइको व्यवस्था भएका खेतबारीहरू बस्तीमा परिणत भएर कृषि व्यवसाय ध्वस्त भएको छ।

कृषकहरूलाई कृषि व्यवसायमा प्रोत्साहन नदिएर राज्यले यो पेशामा खर्च गर्न व्यवस्था गरेको बजेट गैर कृषकलाई उपलब्ध गराइ दुरुपयोग गरेकोले नेपालमा कृषि उत्पादनमा वृद्धि हुन नसकेको अवस्था छ। जबसम्म राज्यको तर्फबाट वास्तविक कृषकको पहिचान गरेर कृषि अनुदान वितरण गर्दैन तबसम्म नेपाल खाद्यान्नमा आत्मनिर्भर हुन सक्दैन। डेढ महिना धान रोपाइ गर्ने प्रचलनको अन्त्य गरेर असार १५ गते एक दिन तामझाम गरेर राष्ट्रिय धान रोपाइ महोत्सव धान दिवस मनाउनको कुनै औचित्य छैन। असार महिनामा धान रोपाइ नगरी खानेहरूलाई हल्लनदास भनिन्छ। समाजमा यस्ता व्यक्तिलाई कुटा बाउसा सिरानीमा राखेर हल्लेर खाने हल्लनदास भनेर घृणा गिरन्छ। असार नगर्नेको मंसिर पनि हुँदैन। जबसम्म हामी खाद्यान्नमा आत्म निर्भर हुँदैनौँ तबसम्म हाम्रो विकास छैन। अतः राजनीतिज्ञ प्रशासकले कृषकको हक हितमा काम गर्नु होस् यसैमा राष्ट्र र देशबासीको कल्याण हुन्छ। शुभम्।

लेखक : किसान महासङ्घ कास्कीका सदस्य हुन्।

# विभिन्न क्षेत्रका ६ जना पुरस्कृत

पोखरापत्र संवाददाता
पोखरा, १४ असार



पोखरा महानगरपालिका नगर युवा परिषदले अनलाइनखबरकर्मी अमृत सुवेदीसहित विभिन्न क्षेत्रका ६ जनालाई वर्ष उत्कृष्ठ पुरस्कार प्रदान गरेको छ।

पोखरालाई कार्यक्षेत्र बनाएर विभिन्न ६ क्षेत्रमा क्रियाशील ४० वर्ष मुनिका युवाहरुमध्ये अनलाइनखबरका गण्डकी ब्युरो प्रमुख सुवेदीसहित पुरस्कृत भएका हुन्। पोखरालाई केन्द्र बनाएर गण्डकी प्रदेश ब्युरोबाट पत्रकारिता गरिरहेका सुवेदीलाई युवा शसक्तीकरण तथा पत्रकारिता क्षेत्रबाट पुरस्कृत भएका हुन्। सामाजिक तथा सरसफाइ क्षेत्रमा क्रियाशील सन्तोष पौडेल, विज्ञान तथा प्रविधि क्षेत्रमा क्रियाशील ब्लाक टेकका प्रमुख कार्यकारी निर्देशक स्वदेश नेपाली, कला, साहित्य तथा नाट्य क्षेत्रबाट पोखरा चियटरका सञ्चालक मुक्तिबहादुर कार्की (परिवर्तन) कृषिबाट अर्गानिक 'हरिलो' उत्पादन तथा विक्री गरिरहेकी रोशनी आचार्य, खेलकुद क्षेत्रबाट लङ टेनिशका खेलाडी प्रदीप खड्का पुरस्कृत भए।

पर्यटन प्रवर्द्धन, वातावरण संरक्षण तथा दीगो विकास क्षेत्रमा क्रियाशील पौडेल फोहोरमैला व्यवस्थापनको क्षेत्रमा विज्ञता हासिल गरेर काम गरिरहेका छन्। विज्ञान तथा प्रविधि, शिक्षा क्षेत्रबाट पुरस्कृत नेपालीले रेस्ट्रो एक्स एपमार्फत देश तथा विदेशमा १० हजार होटल, रेस्टुरेन्टलाई डिजिटल सेवा दिइरहेको छ। उनले ४६ जनालाई रोजगारी दिइरहेका छन्। कला, साहित्य, संस्कृति तथा नाट्य क्षेत्रबाट पुरस्कृत परिवर्तनको नेतृत्वमा नाटक घर निर्माण गरेर नाटक निर्माण, मञ्चन तथा प्रवर्द्धनमा लागि परेका छन्। हरिलो नाममा अर्गानिक अचार देश तथा विदेशमा पुऱ्याइरहेकी रोशनीले मासुजन्य अचारसहित विभिन्न कृषि उत्पादनको बजारीकरण गरिरहेकी छन्। हरिलोमा अहिले २५ जनाले रोजगारी पाएका छन्।

लङ टेनिश खेलाडी प्रदीप नेपालकै उत्कृष्ठ खेलाडी हुन्। उनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय थुप्रै पुरस्कार प्राप्त गरेका छन्।

गण्डकी विश्वविद्यालयका डिन डा। कपिल अधिकारीको संयोजकत्वमा गण्डकी प्रेस रजिस्टार विमला भण्डारी, पोखरेली युवा सांस्कृतिक परिवारका निवर्तमान अध्यक्ष उपेन्द्र पौडेल, कानुन व्यवसायी कुञ्जनी प्यासीपरियार, पोखरा खेलकुद समितिका उपाध्यक्ष दीपक गोदार, पोखरा पर्यटन परिषदका अध्यक्ष तारानाथ पहारी, पोखरा महानगरका आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरिया सदस्य रहेको प्रतिभा छनोट समितिको सिफारिसका आधारमा ६ जनालाई पुरस्कृत गरिएको पोखरा नगर युवा परिषदका उपाध्यक्ष सन्तोष न्यौपानेले जानकारी दिए। ६ जना युवाहरुलाई पोखरा महानगरका मेयर धनराज आचार्यले नगद ३० हजार रुपैयाँ, दोसल्ला र सम्मान पत्रले पुरस्कृत गरे। विभिन्न क्षेत्रमा विज्ञता हाँसिल गरेका व्यक्तिहरुले ६ जना युवाहरुको नाम सिफारिस गरेका थिए। छनोट समिति संयोजक डा। अधिकारीले आआफ्नो क्षेत्रमा दख्खल राखेका देशमै सम्भावना देखाइरहेका युवाहरुको सूचीबाट ६ जनाको नाम सिफारिस गरिएको बताए। '६ वटा क्षेत्रमा विभाजन गरेर विभिन्न चरणको छनोट प्रक्रियाबाट नाम टुंग्यायौं तर यो सूचीमा हुने अन्य पनि योग्य नभएर होइन, भएकामध्येबाट राम्रो छानिएको हो,' संयोजक अधिकारीले भने। साहित्यकार उपेन्द्र पौडेलले पोखरा अब भूगोल नभएर संस्कृति बनेको बताउँदै नागरिकता हेरेर युवा प्रतिभा छनोट गरिएको बताए। पोखरा महानगरका मेयर आचार्यले अहिले समाजमा निराशामात्रै व्यक्त भइरहेका बेला आशा जगाइरहेका युवाहरुलाई पुरस्कृत गर्दा अन्य युवाका निम्ति पनि प्रेरणादायी हुने बताए।

# पाचौं हेमजा हिले महोत्सवको तयारी पुरा

पोखरापत्र संवाददाता
पोखरा, १४ असार

देवीस्थान सेवा समाज हेमजाको आयोजनामा यहि असार १५ गते हुने पाचौं हेमजा हिले महोत्सवको तयारी पुरा भएको छ।

महोत्सव अन्तर्गत हिले दौड, रस्साकस्सी, घैटो फुटाउने, कृषि झाँकी प्रदर्शन, विद्यालय स्तरीय धान रोपाई प्रतियोगिता, उत्कृष्ट किसान सम्मान, हलगोरु तथा जोडी दौड, आमा समूह बीच असारे भाका, हिलोमा भाले तथा माछा समाउने लगायतका प्रतियोगिता हुँदैछन्। महोत्सवको तयारी स्वरुप महोत्सव स्थल वरपर सरसफाई गरिसकिएको छ भने खेत हिल्याउने कार्य समेत सुरु भएको छ। हेमजालाई कृषि पर्यटनसँग जोड्न विष्णुपादुका धार्मिक क्षेत्रको प्रवर्द्धन गर्न, आन्तरिक र बाह्य पर्यटनको आगमन बढाउन, हेमजाका कृषकहरूको सम्मान र युवाहरूलाई कृषिमा प्रोत्साहनका गर्नका लागि हेमजा हिले महोत्सवलाई निरन्तरता दिएको समाजका अध्यक्ष कृष्णमान श्रेष्ठले जानकारी दिए। कृषकको चाडको रुपमा सञ्चालन हुने यस महोत्सवले कृषि क्षेत्रका लागि महत्वपूर्ण हुने अपेक्षा गरिएको सामाजकी उपाध्यक्ष एवं महोत्सव मूल आयोजक समितिका संयोजक चन्र्दकला पोखेलले बताइन।

'कृषिमा कृषकलाई प्रोत्साहनस् विष्णुपादुका मन्दिर हेमजाको सान' नाराका साथ स्थानीय देवीस्थान टोलमा महोत्सव हुँदैछ ।जसमा विभिन्न कलाकारले प्रस्तुति समेत राख्नेछन्। प्रतियोगितामा प्रथम तथा द्वितीय हुने व्यक्ति वा समूहलाई नगद पुरस्कार सहित मेडल र प्रमाणपत्र पुरस्कार प्रदान गरिने छ। महोत्सव सञ्चालनका लागि करिव रु ९ लाख ५० हजार खर्च लाग्ने अनुमान गरिएको देवीस्थान सेवा समाजको कोषाध्यक्ष मोहन भण्डारीले जानकारी दिए।

वडा न.२५ ,हेमजाका अध्यक्ष एवं पोखरा महानगर प्रवक्ता मोतीलाल तिम्सिना ज्युको प्रमुख अतिथियतामा कार्यक्रमको उद्घाटन हुने आयोजकले जानकारी दिएको छ। झाकी व्यवस्थापन संयोजक विष्णु थापाका अनुसार असार १५ गते बिहान ठिक ९:३० बजे विष्णुपादुका माई स्थान मन्दिर बाट सुरु हुने झाकी देविस्थान मार्ग हुँदै मिलचोक परिकमा गरी महोत्सव स्थल पुग्ने छ।

# सफल निरमाया दोहोरी साँझको २१औं वार्षिकोत्सवमा चर्चित कलाकारहरूको प्रस्तुति

पोखरापत्र संवाददाता
पोखरा, १४ असार

पोखराको सांगीतिक र सांस्कृतिक क्षेत्रमा विशेष पहिचान बनाएको सफल निरमाया दोहोरी साँझ एण्ड रेष्टुरेन्ट प्रालिले आफ्नो २१औं वार्षिकोत्सव विशेष कार्यक्रमसहित भव्य रूपमा मनाउने भएको छ।

वार्षिकोत्सवको अवसरमा आयोजित सांगीतिक कार्यक्रममा लोकदोहोरी क्षेत्रका चर्चित कलाकारहरू गीता पाइजा, श्याम राना, टीका सानु, सिद्धार्थ आले, माया गुरुङ र चीज गुरुङले प्रस्तुति दिनेभएका छन। असार १५ देखि २० गते सम्म आयोजना हुने वार्षिकोत्सवमा नियमित कलाकारको समेत प्रस्तुति रहने संचालक इन्द्रा पुनले जानकारी गराइन्। रेष्टुरेन्टका अर्का सञ्चालक जीवन गुरुङका अनुसार, दुई दशकभन्दा लामो यात्रामा रेष्टुरेन्टले लोकसंस्कृति संरक्षण र प्रवर्द्धनमा उल्लेखनीय योगदान गर्दै आएको छ।



उनले भने, "हाम्रो उद्देश्य केवल व्यवसायिक सेवा मात्रै होइन, नेपाली मौलिक लोकसंस्कृति र पहिचानलाई जगेर्ना गर्नु पनि हो। यसै उद्देश्यले हरेक वर्ष वार्षिकोत्सवलाई सांगीतिक माहोलमा मनाउँदै आएका छौं।" उनका अनुसार यो कार्यक्रमले नयाँ पुस्तामा लोकसंस्कतिको रुचि थप जगाउने विश्वास गरिएको छ। कार्यक्रममा उपस्थित दर्शकले कलाकारहरूको प्रत्यक्ष प्रस्तुति, लोकदोहोरी गीत, नृत्य र विविध मनोरञ्जनात्मक कार्यक्रमको मजा लिन सक्नेछन्।

रेष्टुरेन्टले आगामी दिनहरूमा अझ गुणस्तरीय सेवा, स्वादिष्ट परिकार र सांगीतिक माहोलमार्फत ग्राहकहरूको मन जित्दै अघि बढ्ने प्रतिवद्धता जनाएको छ।

# गोरखामा लिची बिक्रीबाट ११ करोड आम्दानी

पोखरापत्र संवाददाता
गोरखा, १४ असार

गोरखाका किसानले लिची बिक्रीबाट यो वर्ष रु ११ करोड १५ लाख आम्दानी गरेका छन्। गत वर्षको तुलनामा जिल्लामा यसपटक लिची उत्पादनबाट किसानले झण्डै एक करोड १५ लाख बढी आम्दानी गर्न सफल भएको कृषि ज्ञानकेन्द्र गोरखाका प्रमुख प्रकाश बस्ताकोटीले जानकारी दिनुभयो।

"गतवर्ष यहाँ रु १० करोड बराबरको लिची बिक्री भएको थियो", उहाँले भन्नुभयो, "तर यसपटक रु एघार करोडभन्दाबढी मूल्यको लिची किसानले बिक्री गरेका छन्।" प्रमुख बस्ताकोटीले लिचीका लागि मौसम अनुकुल भएको तथा बगैँचा व्यवस्थापन राम्रो भएकाले उत्पादन बढेको बताउनुभयो। "यसपाली लिची उत्पादनका लागि मौसम अनुकूल रह्यो," उहाँले भन्नुभयो, "त्यसमा पनि किसानले समयमै औषधि उपचार तथा बगैँचाको राम्रो मलजल तथा सिँचाइ व्यवस्थापन गरेका कारण उत्पादन राम्रो भएको हो।" गोरखामा यो वर्ष एक हजार सात सय १६ मेट्रिक टन लिची उत्पादन भएको छ, जबकी गत वर्ष एक हजार पाँच सय ९७ मेट्रिक टन लिची उत्पादन भएको थियो। अघिल्लो वर्ष एकसय ८० हेक्टर क्षेत्रफलमा लिची उत्पादन भएकोमा यो वर्ष एक सय ८७ हेक्टरमा लिची उत्पादन भएको प्रमुख बस्ताकोटीको भनाइ छ। उत्पादित लिची प्रतिकेजी रु ६५ का दरले बिक्री हुँदा किसानले मनग्य आम्दानी गरेको उहाँले बताउनुभयो। जिल्लाको पालुङटार नगरपालिकालाई लिचीखेतीको मुख्य पकेट क्षेत्र मानिन्छ। पालुङटारको वडा नम्बर ६, ७ र ८ बाट मात्रै ८० प्रतिशत लिची उत्पादन हुने गरेको छ। ती वडामा करिब ३० हजार लिचीका बोट छन्। पालुङटार क्षेत्रमै १५० हेक्टर जमिनमा लिचीखेती गरिएको छ।